# शिक्षा

*(EDUCATION)*

## (मिशन समाचार सहित)

लेखकः
सेभेन्थ-डे एडभेन्टिस्ट कलेजका अध्यक्षहरू

भावानुवादकः
भजुराम तखाछेँ श्रेष्ठ

हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
सन् २०२० (बि.सं. २०७७)

ईन्टरनेट वेबसाईट :
https://www.sabbathschoolpersonalministries.org/international

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७७ (ई.सं. २०२०)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

"कोरोनाले गर्दा भाषा शुद्धिकरण नगरिएको"

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४४२२८६०६
यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## येशू भक्तको निम्ति सच्चा इसाई शिक्षा

"परमेश्वरको भय मान्नु वा उहाँलाई श्रद्धा गर्नु नै बुद्धि र परमेश्वरको बारेमा सबै सुझबुझ तथा आत्मज्ञानको सुरुवात हो" (हितोपदेश ९:१० रूपान्तरित)।

माथि दिइएको पदको बारेमा गहिरिएर सोच्नुहोस्। यसमा खास गरेर दुई विषयबस्तुका अवधारणाहरू एकै ठाउँमा बुनिएका छन्ः "भय" अर्थात् परमेश्वरको महिमा र शक्तिमा अपार श्रद्धा राख्नु वा झुक्नु र अनि परमेश्वरको चरित्र तथा स्वभावको बारेमा सत्य ज्ञान हासिल गर्नु वा बुझ्नु र सिक्नु। त्यसैकारण, बुद्धि, ज्ञान र सुझबुझ सबैको जग परमेश्वरमा नै बसालिएको त्यस पदले खुलासा गरिएको छ।

माथिको भनाई अत्यन्तै परिपक्व छ वा सिधै अर्थपूर्ण छ। आखिरमा सबै अस्तित्वको स्रोत नै परमेश्वर हुनुहुन्छ। उहाँमात्रले नै सबै थोकको सृष्टि गर्नुभएको थियो र यावत थोक वा अस्तित्व भएका सबै तत्वहरूलाई उहाँले नै सम्हाली रहनुहुन्छ (यूहन्ना १:१-३, कलस्सी १:१६,१७)। हामीहरूले जे सिक्छौं वा जुन कुराहरूको ज्ञान हामीमा छ जस्तै भौतिक शास्त्रका गहिरो ज्ञान जस्ते क्वार्क, गुरुत्वाकर्षण आदि, नक्षत्रमा झुन्डिरहेका अनगिन्ति तारा आदि, झुसिल्किरा आदि, स्वर्गदूतहरू, शैतानका मतियार वा राक्षस तथा दुष्ट दूत वा आत्माहरू "महा उच्च स्थानमा रहेका शक्ति र अधिकार आदिहरू" एफिसी ३:१०)को अस्तित्व छ त परमेश्वरकै कारणले। त्यसकारण सत्य वा सही ज्ञान र बुद्धि र सुझबुझको अन्तिमका स्रोत परमेश्वर आफैमा निहित भएको छ।

प्रेम आफै परमेश्वर होइन तर "परमेश्वर प्रेम हुनुहुन्छ" भनेर धर्मशास्त्र बाइबलले स्पष्टरूपमा उल्लेख गरिएको छ। परमेश्वरमा भएको प्रेमको स्वभावको बारेमा एलेन जी ह्वाइटले यसरी व्याख्या गर्नुहुन्छ "सबै सृष्टि र मुक्ति तथा उद्धारको आधार नै प्रेम भएको कारणले सबै सत्य वा सही शिक्षाको जग नै प्रेम हो। हामीहरूको जीवनलाई पथप्रदर्शकको रुपमा दिइएको परमेश्वरको व्यवस्था वा दश आज्ञाले त्यो धारणालाई सरलरूपमा पुष्टि गर्दछ। सबभन्दा पहिलो र महान् आज्ञा यो हो "तिमीले भित्री हृदयदेखि, तिम्रो सारा मन वा आत्माले, तिमीमा भएका सबै बल वा शक्ति र तिम्रो दिमाग वा

समझशक्तिले परमेश्वरलाई प्रेम गर्नु।" लूका १०:२७। अपार, अनन्त र सर्बज्ञानी परमेश्वरलाई सारा बाहुबलले, सारा दिमाग र हृदय वा मनले प्रेम गर्नु नै मानिसमा हुनुपर्ने प्रत्येक शक्तिलाई उच्चतमरुपमा बिकास गर्नु हो। यसको अर्थ मानिसमा भएको सम्पूर्ण आयाममा -शारीरिक, दिमाग वा मगज र आत्मा वा मनले परमेश्वरको स्वरुपलाई पुनर्स्थापना गर्नु हो।" *एजुकेशन,* पृ. १६बाट रूपान्तरित।

परमेश्वर नै सबै सत्य वा सही ज्ञान र आत्मज्ञानसमेत, सबै सत्य वा सही शिक्षाको स्रोत भएकोले सबै इसाई शिक्षाले हामीहरूको दिमाग उहाँतिर सोझ्याउनुपर्छ र आफ्नो बारेमा उहाँले के प्रकट गर्नुभएको छ त्यसतिर ध्यान लगाउनुपर्छ। प्राकृतिक सम्पदाद्वारा, लेखिएको परमेश्वरको जीवन वचनद्वारा र पवित्र धर्मशास्त्र बाइबलमा प्रकट गरिएको येशूको बारेमा दिइएको प्रकाश वा जानकारीले हामीलाई आवश्यक भएको सबै दिइएको छ। अनि ती नै स्रोतहरूमा थप ज्ञान पनि दिइएको छः त्यो हो हाम्रो प्रभुबाट पाइएको मुक्तिलाई कायम राख्न उहाँसँग सम्बन्ध राखिराख्न र उहाँलाई हामीहरूको सारा हृदय र मन, आत्मा वा भित्री चेतनाले उहाँलाई प्रेम गर्नु। पापले गर्दा हजारौ वर्षसम्म अशुद्ध, प्रदुषित र विग्रिएको प्रकृतिले पनि केही हदसम्म अत्यन्तै प्रभाकारी रूपमा परमेश्वरको भलाई र चरित्रको बारेमा बोल्दछ तर त्यो बोलाई धर्मशास्त्र बाइबलको दृष्टिकोणबाट अध्ययन गरिनुपर्दछ। तर सत्यलाई, परमेश्वरको बारेमा प्रकट गरिएको अत्यन्तै महान् आत्मज्ञान, उहाँले मानव जगतलाई के गर्नुभयो र के गरिरहनुभएको छ भन्ने सही वा सिद्धरुपमा जोख्ने वा मापदण्ड परमेश्वरको जीवित वचन वा धर्मशास्त्र बाइबलमात्र हो भनेर हामीले स्वीकार्नु जरुरी छ। सबै इसाई शिक्षाको केन्द्रविन्दु धर्मशास्त्र बाइबल, सृष्टिको बारेमा यसमा दिइएको जानकारी र मुक्तिको बारेमा दिइएको आत्मज्ञान तथा योजना हुनुपर्छ।

येशूका चेला यूहन्नाले भनेका छन् कि येशू ख्रीष्ट ज्योति हुनुहुन्छ र यस संसारमा जन्मिने प्रत्येक मानव प्राणीलाई ज्योति वा आत्मज्ञान दिने उहाँनै हुनुहुन्छ। यूहन्ना १:९। अर्को अर्थमा भन्ने हो भने जसरी प्रत्येक मानव प्राणीलाई येशूबाट नै जीवन दिने भनेको जस्तै प्रत्येक मानिसलाई चाहिने आत्मज्ञान वा दिव्यज्ञानको केही किरणहरू, केही अपार सत्य र असल वा भलो हुनेकुरा बुझ्ने खुबी येशूबाट नै प्राप्त हुन्छ।

तर दुर्भाग्यवस हामी सबै जना महान् विवाद वा भिषण युद्धमा फसिरहेकाछौं। त्यस युद्धको खलनायक वा समस्त मानव प्राणीको परमशत्रु शैतानचाहीँ माथि उल्लेख गरेका ज्ञानहरू हामीमा नआउन् भनेर वा तिनीहरूलाई रोक्न भरमग्दुर कसिएर सक्रिय भइरहेको छ। त्यसैकारण समस्तीरूपमा इसाई शिक्षामा जे समावेश भएतापनि हामीलाई स्वर्गबाट उपलब्ध गराइएको परमेश्वरको दिव्यज्ञान वा आत्मज्ञान विद्यार्थीहरूले उत्तम तरिकाले बुझोस् भनेर हामीले प्रयत्न गरिनै रहनुपर्छ।

नत्रभने के त? येशूले भन्नुभएको जस्तै, "सारा संसारलाई हातमा पारेतापनि आफ्नै आत्मा वा अनन्त जीवन गुमायो भने उसलाई के फाइदा हुन्छ र?" (मर्कूस ८:३६ रूपान्तरित)।

त्यसकारण तपाईंले आर्जन गर्नुभएको विज्ञान वा साहित्य वा अर्थशास्त्र वा इन्जिनयर वा दर्शनशास्त्र वा डाक्टरको महान् शिक्षाको महत्त्व के छ र यदि ती शिक्षाहरू हासिल गरेर अन्तमा तपाईं आगोको ज्वालामा भष्म भएर दोस्रो मृत्युको सामना गर्नु हुन्छ अर्थात् अनन्त जीवन नै गुमाउनुहुन्छ? त्यसकारण त्यसको यथार्थ जवाफमा हाम्रो जीवन अर्थपूर्ण हुँदैन, हुन्छ त?

त्यसैकारण यस पुस्तकको मूल विषयबस्तु मानव जीवन, मानव कल्याण र अर्थपूर्ण जीवन यापना गर्न चाहिने येशूमा केन्द्रित शिक्षा हो। त्यो शिक्षा के हो र परमेश्वरले खटाउनुभएको निकाय वा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका समस्त अगुवा र सदस्यहरूको हैशियतले एक वा अर्को तरिकाबाट हाम्रा सदस्यहरूलाई त्यस गरिमामय शिक्षा उपलब्ध गराउनु के गर्नुपर्छ भन्ने ज्ञान दिन यस पुस्तक लेखिएको हो भन्ने सबै पाठकबृन्दहरूले महसुस गरुन् भन्ने यस पुस्तकका रचनाकारहरूको कामना छ।

*दक्षिण अमेरिकाका विभिन्न सेभेन्थ-डे एडभेन्टिस्ट कलेज र विश्वविद्यालयहरूका अध्यक्षहरू मिलेर यस बाइबल अध्ययन पुस्तक तयार पारेका हुन्।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | अदनको बगौंचा | १ |
| २. | परिवार | १७ |
| ३. | दश आज्ञाहरु | ४० |
| ४. | परमेश्वरका आँखाहरु | ६१ |
| ५. | येशू ख्रीष्ट सर्वच्च शिक्षकको... | ७६ |
| ६. | सर्वोच्च गुरुबाट सिक्नुपर्ने पाठहरु | ९२ |
| ७. | शिक्षामा परमेश्वरको आराधना | १०८ |
| ८. | शिक्षा र मुक्ति | १२७ |
| ९. | चर्च र मुक्ति | १४१ |
| १०. | विभिन्न शैशिक कला वा विषयहरु | १५५ |
| ११. | येशूमाथि अगाढ आस्था राखेर... | १७१ |
| १२. | सावथ | १९४ |
| १३. | स्वर्ग, शिक्षा र अनन्त शिक्षा | २१४ |

# अस्थायी पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन असोज ९, २०७७ (सेप्टेम्बर २५, २०२०) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असोज १०-१६ (सेप्टेम्बर २६-अक्टुबर २) |
| २ | अध्याय २ | असोज १७-२३ (अक्टुबर ३-९) |
| ३ | अध्याय ३ | असोज २४-३० (अक्टुबर १०-१६) |
| ४ | अध्याय ४ | कार्तिक १-७ (अक्टुबर १७-२३) |
| ५ | अध्याय ५ | कार्तिक ८-१४ (अक्टुबर २४-३०) |
| ६ | अध्याय ६ | कार्तिक १५-२१ (अक्टुबर २१-नोभेम्बर ६) |
| ७ | अध्याय ७ | कार्तिक २२-२८ (नोभेम्बर ७-१३) |
| ८ | अध्याय ८ | कार्तिक २९-मंसिर ५ (नोभेम्बर १४-२०) |
| ९ | अध्याय ९ | मंसिर ६-१२ (नोभेम्बर २१-२७) |
| १० | अध्याय १० | मंसिर १३-१९ (नोभेम्बर २८- डिसेम्बर ४) |
| ११ | अध्याय ११ | मंसिर २०-२६ (डिसेम्बर ५-११) |
| १२ | अध्याय १२ | मंसिर २७- पुष ३ (डिसेम्बर १२-१८) |
| १३ | अध्याय १३ | पुष ४-१० (डिसेम्बर १९-२५) |

भारतमा येशूका चेला थोमसले सुसमाचार प्रचार गरेका थिए। भारतमै उनको हत्या भएको थियो। एस.एन. हास्कल र पी.टी. मेगान विश्वमा सुसमाचार कहाँ कहाँ प्रचार भएको छ भनेर सर्वेक्षण गर्ने क्रममा भारतमा सन १८९०मा आएका थिए। सन् १८९३मा अमेरिकाबाट विलियम लेन्कर र ए.टी. स्टुप पुस्तकहरू बेच्न मद्रासमा आएका थिए र अङ्ग्रेजी बोल्नेहरूलाई पुस्तक बेचेका थिए। एडभेन्टिस्टहरू तिनीहरू आउनुभन्दा अगाडि नै काम गर्दै थिए भनेर लेन्करले रिपोर्ट गरेका थिए। सन १९०५मा तामिल नाडुमा तालिम स्कूल खोलिएको थियो, त्यहाँबाट २७ वर्षपछि बङ्गलोरमा सारिएको थियो। त्यहाँबाट पनि सन १९३७मा पुणेमा सारियो। अग्रज विलियम स्पाइसरको नाउँमा त्यस कलेजको नामाङ्करण गरियो। सन १८५८देखि बिलायतले भारतलाई सञ्चालन गरेको थियो र सन १९४७मा बिलायतबाट स्वतन्त्र भएको थियो। भारतमा १२२ वटा मूख्य भाषाहरू छन् र अरू १,५९९ भाषाहरू छन्।

यस त्रैमासिक साबथस्कूलको उब्रिएको भेटी देहायका योजनाहरूमा खर्च गरिनेछः

१. केटाहरूको निम्ति आवास गृह, गारमर एकेडेमी, राजनागरम, आन्द्रप्रदेश राज्य
२. पाँच वटा कक्षा कोठाहरू, फ्लेज एडभेन्टिस्ट कलेज, रस्टुमबाडा, आन्द्रप्रदेश
३. चर्च भवन, अमृतसर, पन्जाब राज्य
४. चर्च भवन, राँची, झारखण्ड राज्य
५. आवास गृह, सेभेन्थ-डे एडभेन्टिस्ट स्कूल, वाराणासी, उत्तर प्रदेश राज्य
६. स्कूल भवन निर्माणको दोस्रो चरण, रुर्की एडभेन्टिस्ट कलेज, रुर्की, उत्तराखण्ड
७. तामिल चर्चहरूको निम्ति नयाँ भवनहरू, केन्द्र कानाडा र साभानगर, कर्नाटक
८. दुई कक्षा कोठाहरू, एसडिए इङ्गिलश हाइस्कूल, अजा नगर कर्नाटक
९. केटाहरूको आवास गृह, इ.डी थोमस हाइयर सेकेन्डेरी स्कूल, तामिल नाडु
१०. ल्याब र लाइब्रेरी, थिरमला एसडीएस्कूल, थिरुभानन्थापुरम, केराला राज्य
११. स्कूल भवन, स्पाइसर एडभेन्टिस्ट स्कूल, औंध रोड, पुणे, महाराष्ट्र